बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय तनहुँ

# प्रधानमन्त्री रोजगार कार्यक्रमको बार्षिक प्रगति प्रतिबेदन

## आ.ब.२०७५/७६




<u>तयार गर्ने</u>

रोजगार सेवा केन्द्र

बन्दिपुर गाउँपालिका

## १. कार्यक्रमको सामन्य परिचय

रोजगारी वस्तुतः जीवनोपयोगी वस्तु र सेवा उत्पादनको निम्ति र व्यक्तिको सम्मानजनक आर्थिक लाभको निम्ति श्रम, स्रोत र पुँजी, प्रविधिको प्रयोगमार्फत गरिने कर्म हो । नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको छ । सोही मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी समेत भएको छ । नेपाल सरकारले चालु आर्थिक वर्ष २०७५÷७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत् सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो। रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ । सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गर्नु पर्ने आवश्यकता छ । यस्तो अवस्थामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुका सार्वजनिक निर्माण तथा सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरुमा पर्याप्त संख्यामा थप रोजगारी सिर्जना गर्ने गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरुको कार्यान्वयन गर्ने प्रबन्ध गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा ल्याइएको हो । यसरी रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्रमार्फत हुने भई स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ । यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्तीबीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ ।

## २. बन्दीपुर गाउँपालिकाको सामान्य परिचय

बन्दीपुर गाउँपालिका नेपालको गण्डकी प्रदेशमा पर्ने तनहुँ जिल्लामा अवस्थित एक गाउँपालिका हो । आर्थिक वर्ष २०६८/६९को बजेटमार्फत् मुलुकमा ४१ नयाँ नगरपालिका थपिंदा बन्दीपुरलाई नगरपालिका घोषणा गरिएको थियो । यसलाई नगरपालिका घोषणा गर्दा धरमपानी र बन्दीपुर गाउँ विकास समितिहरू समावेश गरिएका थिए । विसं २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम गर्दा साविकको बन्दीपुर नगरपालिकामा घाँसीकुवाका (१र ९) वडाहरू, र केशवटारका (१,८ र ९) वडाहरूलाई समेटेर बन्दीपुर गाउँपालिका घोषणा गरिएको हो । बन्दीपुर गाउँपालिकाको केन्द्र साविक बन्दीपुर नगरपालिकाको कार्यालय रहको छ । बन्दीपुर गाउँपालिकामा ६ वडाहरू रहेका छन । बन्दीपुरको कुल क्षेत्रफल १०२ वर्ग कि.मी. छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यी ठाउँहरूको जनसंख्यालाई जोडेर बन्दीपुर गाउँपालिकाको जनसंख्या २०,०१३ रहेको छ ।

### ३. कार्यक्रममा संलग्न हुन बेरोजगारहरुको आबेदन संकलन

बन्दिपुर गाउँपालिकामा रोजगार सेवा केन्द्रको स्थापना पश्चात सबै वडा कार्यालय मार्फत बेरोजगारहरुको निबेदन संकलन गरियो जसमा कुल ७६२ जना बेरोजगारहरुको निबेदन रहेका छन ।

### ४. बेरोजगारहरुको प्रमाणिकरण र सुचिकृत संख्या

आ.ब. २०७६।७७ मा सार्वजनिक निर्माण तथा श्रम मुलक रोजगारीमा संलग्न हुन प्राप्त ७६२ जना बेरोजगारहरुको सुची माथि आवश्यक छानबिन गरि बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको ४६औं बैठकले ७४२ जना बेरोजगारहरु प्रमाणीकरण गरियो ।









वडा अनुसार महिला तथा पुरुषहरुको निबेदन संकलन



४. कामका लागी पारिश्रमिकमा आधारित आयोजनाको विवरण र रोजगारी संख्या

सुचिकृत भएका ७४२ जनालाइ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनामा संलग्न हुन आउनका लागि आव्हान गर्दा तपसिल बमोजिममा बेरोजगारहरु न्युनतम रोजगारीमा संलग्न भएका छन्

| सि.न. | आयोजनाको नाम | ठेगाना | रोजगारी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पिप्ले बन्दीपुर नाला निर्माण | पिप्ले-१, बन्दिपुर | ८ | ५ | ३ | ८ |
| २ | गुर्दुम नाला निर्माण | मोहोरिया -२ बन्दिपुर | १६ | ९ | ७ | १६ |
| ३ | पुन्टेखोला नाला निर्माण/पोखरी निर्माण /सडक मर्मत /वृक्षारोपण | तीनधारे -४ , बन्दिपुर | ११ | ४ | ७ | ११ |
| | सुपर भाइजर | | | ० | १ | १ |
| जम्मा | | | ३६ | १८ | १८ | ३६ |

प्रदान गरिएको रोजगारीको औषत दिन

| आयोजना संख्या | रोजगारी प्रदान गरिएको व्यक्तिको संख्या | रोजगारी प्रदान गरिएको औशत दिन | जम्मा रोजगारी | कैफियत |
|---|---|---|---|---|
| ३ | ३६ जना | २९ दिन | १०५६ | १ जना सुपरभाइजर सहित |

५. विनियोजित बजेट र खर्च

कः प्रशासनिक खर्च

प्रधानमन्त्री रोजगार कार्यक्रम बन्दिपुर गाउँपालिकामा रोजगार सेवा केन्द्रलाई प्रभाबकारी रुपमा संचालन गर्न कार्यालयको स्थापना,तलब,अनुगमन,कार्यक्रम खर्च लगायतमा भएको खर्चको विवरण तालिकामा प्रस्तुत गरिएको छ । जस अनुसार ९६.२७% खर्च भएको छ




खः कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना

यस आब २०७५।७६ मा ११ लाख रुपैया यस पालिकाको लागि संघिय सरकारले शसर्त रकम विनियोजन गरेकोमा २०७६ साल जेठ महिना १९ गते बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको

बैठकले ३ वटा योजनाहरु छनौट गरि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्बयन गरियो विनियोजित रकम मध्ये ९,२०,०६५ जुन (८२.७६%) खर्च गरियो ।




६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गरेका क्रियाकलाप

- रोजगार सेवा केन्द्रको स्थापना
- कार्यक्रम संग सम्बन्धित सूचना सम्प्रेषण
- फारम छपाई तथा वडा वडामा बेरोजगारको तथ्यांक संकलन
- वडाबाट प्राप्त फारमको अध्ययन, रुजु गरि तथ्यांक तयार
- स्थानीय निर्देशक समितिको गठन
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजन सम्बन्धि अभिमुखीकरण
- बेरोजगारहरु रोजगार सेवा केन्द्रमा सुचिकृत तथा योजनाको छनौट
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको उत्घाटन तथा संचालन
- कामदारलाई परिचयपत्र वितरण
- योजनाको कार्यान्वयन
- अनुगमन तथा मुल्यांकन

## ७.   कार्यक्रमको  उपलब्धी

यस कार्यक्रमले न्युनतम रोजगारीमा संलग्न सुचीकृत व्यक्तिहरुलाई अल्पकालीन रुपमा केहि दिन भएपनि रोजगार प्रदान गरि काममा सम्मान गर्ने बाताबरणको सिर्जना गर्न मद्दत गरेको छ। सामुहिक श्रमले सामाजिक सद्भाव बढेको छ , कामको खोजिमा अन्यत्र जानु पर्ने बाध्यात्मक परिस्थितको अन्य गर्न सहयोग गरेको छ।

संचालित आयोजनाले बर्खा यामा बन्दीपुर देखि दुर्गम गाउँ झार गाउँ, कोरिखा लगायतका स्थान मा पुग्ने सडक खाल्डो,हिलो का कारणले यातायातमा पुगेको असहजता हटाएको छ । यातयातका साधन,मानिस तथा पशु चौपायालाइ हिडडुल गर्न सहजता पुगेको छ ।





पोखरीको निर्माणले तीनधारे खानेपानीको मुहान सँरक्षण, पर्यावरणको सुरक्षा हुनुका साथै जंगली जनावरलाई समेत फाइदा पुगेको छ ।आगामी दिनहरुमा water recharge and pond renovation का कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता यस पोखरी निर्माणले देखाएको छ ।

पोखरी निर्माणको लागि स्थलगत छनौट



निर्माण सम्पन्न भएको पोखरी



गुर्दुम पाखामा वृक्षारोपणले पिप्ले देखि बन्दीपुर सडकको हरियाली तथा सुन्दरता बढेको छ भने यसले भू क्षयको रोकथामका साथै Global warming /climate change को प्रभावलाई न्युनिकरण गर्ने कार्यमा सहयोग पुगेको छ ।

**गुर्दुम पाखामा अम्रिसो रोप्दै**





बन्दीपुर गाउँपालिकाको गौरव आयोजनाको रुपमा रहेको डुम्रे-बन्दीपुर सडकको पिप्ले र महोरिया स्थित आवासीय क्षेत्रमा सडक विस्तारका क्रममा केहि घरहरु पहिरोको जोखिममा रहेकोले उक्त घरहरु रहेको स्थानमा Retaining wall तथा पक्कि नाला निर्माण गरेको छ





## १०. कार्यक्रमका राम्रा पक्षहरु

- यस कार्यक्रमबाट सामुहिक श्रम गर्ने अबसरको श्रृजना भएको छ
- श्रमको सम्मान गर्ने तथा काम गर्ने बातावरणको श्रृजना भएको छ ।
- गाउँ घरमा रोजगारीको अवसर सिर्जना भएको छ
- आयोजनामा संलग्न युवा युवतिहरुमा अपनत्वको भावना भएको
- आफ्नो गाउ,आफै बनाऊ भन्ने भावनको श्रृजना भएको
- स्थानीय स्तरमा रोजगारी पाउँदा सम्बन्धित पक्षको आर्थिक,सामाजिक तथा जिविकोपार्जनको क्षेत्रमा पुगन गएको देखिन्छ।
- रोजगार कार्यक्रम प्रति निर्बाचित जनप्रतिनिधि, कर्मचारी स्थानीयको सहयोग र भूमिका रहेको

११. समस्याहरु

- रोजगार केन्द्रमा सुचिकृत व्यक्तिहरुलाइ रोजेको क्षेत्र अनुसार (दक्ष,शिक्षित) जनशक्ति लाइ समाबेस गराउन नसकिएको ।
- ७०% ज्यालामा भुक्तानी हुने आयोजना छनौटमा समस्या ।
- आ.ब. को अन्तिमतिर बजेट निकासा भएकोले सोही अनुसारको योजना छनौटमा समस्या
- समान ज्याला (दक्ष तथा अदक्ष कामदार ) को व्यवस्था भएको हुदा योजनामा दक्ष कामदारलाई समेट्न नसकिएको अर्थात् दक्ष कामदारहरु इच्छुक नरहेको ।

## १२. सुझाव तथा सिफारिस

**संघ-** नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हक अन्तर्गत रोजगारीको हक सम्बन्धि व्यवस्था गरेको र नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन ,नियमावली अनुसार कार्यक्रम निर्देशिका बनाई संचालन गरेको अवस्थामा स्थानिय सरकारले पनि रोजागारी सिर्जना सम्बन्धी बजेट बिनियोजन गरी कार्यक्रम कार्यन्यवन गर्दा अझ प्रभावकारी हुने देखिन्छ। रोजगार सेवा केन्द्रको कामलाई छिटो,छरितो रुपमा संचालन गर्न २ जना जनशक्तिको व्यवस्था भए काम अझ प्रभाकारी र गुणस्तरिय हुन गई सेवा प्रवाह सरल र सहज हुने देखिन्छ। कामका लागी पारिश्रमिकमा आधारित आयोजना संचालन र व्यवस्थापन कार्यविधी-२०७६ मा भएका प्रावधानहरु परिमार्जित गरि समय सापेक्ष बनाउनु राम्रो हुनेछ।

- **प्रदेश तह-** प्रदेश सरकारले यस कार्यक्रम सम्बन्धि समय समयमा तालिम गोष्ठि लगायत रोजगारी सिर्जना हुने गरि स्थानिय तहलाई आवश्यक बजेट विनियोजन गर्दा कार्यक्रम अझ प्रभाकारी हुदै जाने देखिन्छ। प्रदेश र स्थानीय तहको समन्वयकारी भूमिका रहनुपर्ने । जिल्ला समन्वय समितिमा जिल्ला भरिका स्थानीय तह हेर्ने गरि एक जना फोकल व्यक्ति तोक्नु पर्ने ।
- **स्थानिय तह-**
    - स्थानिय तहले पनि प्रत्येक वर्ष संख्यात्मक रुपमा रोजगारी श्रृजना गर्ने गरि बजेट बिनियोजन गर्ने तथा एक युवा रोजगार कोषको स्थापना गर्नु पर्ने ।
    - युवा रोजगार कोष मार्फत उद्यम विकास तालिम तथा अन्य शिप विकास तालिम दिई स्वरोजगार बन्न चाहनेलाई बिना धितो वा परियोजना धितो राखी ऋण दिने व्यवस्था गर्ने
    - स्थानिय तहमा विभिन्न स्रोतहरुबाट संचालित प्रत्येक सार्वजिनक आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत व्यक्तिहरुलाई प्राथमिकता दिई काममा लगाउने ।
    - स्थानिय तहले आयोजना गर्ने तालिमहरुमा (शिप विकास) पनि सुचिकृत व्यक्तिहरुलाई प्राथमिकता दिने ।
    - अदक्ष तथा अर्धदक्ष सुचिकृत व्यक्तिहरुलाई शिप विकास तालिम मार्फत दक्ष बनाई काममा लागउने ।
    - श्रम र श्रमिकलाई हेप्ने र श्रम नगर्नेहरूलाई ठूलो ठान्ने गलत श्रम-संस्कृतिलाई बदलेर श्रमको सम्मान गर्ने संस्कृति आमरूपमा नै विकास गर्ने
    - राष्ट्रिय तथा स्थानीय गौरबका योजनाहरुमा मेसिन लगाउनुको सट्टा मानवीय श्रम प्रयोग गर्ने
    - युवाहरुलाई आत्मनिर्भर बन्ने, स्वव्यवसाय गर्ने र आफैं उद्यमशील बन्ने बाताबरण तथा अबसरको श्रीजना गर्ने

      स्थानीय तहमै गुणस्तरीय, प्राविधिक र सीपमूलक शिक्षाको व्यवस्था गर्ने

## कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनाको उद्घाटन





## पिप्ले स्थित समूह क ले गरेको नाला निर्माण तथा पिसिसि प्राबिधिकबाट







पहिले

अहिले



पुन्टेखोला नाला निर्माण



गिट्टी कुट्दै महिलाहरु



आयोजन स्थलमा पहिरोले भत्काएको घर



पहिरोले भत्काएको घरको भग्नावशेष हटाईसकेपछी





पिप्लेमा निर्माण गरिएको नाला

प्राबिधिकबाट नापजाच हुदै



## कार्यक्रमको अनुगमन





अवलोकनको क्रममा माननीय सांसद कृष्ण कुमार श्रेष्ठ, गाउँपालिका उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत संग फोटो खिचाउदै प्रधानमन्त्री रोजगार कार्यक्रमका लाभग्राहीहरु

# सूचीकृत ६१४ मध्ये ४१ ले पाए रोजगारी



बन्दीपुर गाउँपालिका वडा नम्बर १ को पिप्लेमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत नाला निर्माण गरिँदै।

▪ दमौली समाचारदाता

दमौली, असार १८ गते। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिकामा नाला निर्माण गरिएको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

'सबैका लागि रोजगार, संवैधानिक अधिकार' भन्ने मूल नाराका साथ बन्दीपुर गाउँपालिकामा बेरोजगारका रूपमा सूचीकृतमध्ये पहिलो चरणमा ४१ जनालाई नाला निर्माणमा रोजगारी दिइएको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले बताउनुभयो।

बन्दीपुरमा न्यूनतम रोजगारीका लागि ६१४ जनाले आवेदन दिएका छन्। ती मध्ये पहिलो चरणमा ४१ जनालाई काममा खटाइएको अध्यक्ष थापाले बताउनुभयो। बाँकीलाई आगामी वर्ष काममा खटाइने उहाँको भनाइ छ। आगामी वर्ष गाउँपालिकाले सञ्चालन गर्ने आयोजनामा पनि बेरोजगार सूचीमा सूचीकृतलाई खटाउने तयारी भएको उहाँले जानकारी दिनुभयो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार बेरोजगार युवालाई वडा नम्बर १ स्थित पिप्ले गुर्दुम नाला निर्माण, वडा नम्बर २ स्थित गुर्दुम-बन्दीपुर नाला निर्माण तथा वडा नम्बर ४ स्थित तीनधारे पर्यटकीय पुन्टे खोला नाला निर्माण योजनामा रोजगारमा खटाइएको छ।

पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित एवं लागू भइसकेको हुँदा सोही कार्यविधिमा आधारित भई सञ्चालन गर्न सम्भावित श्रमप्रधान आयोजनामा बेरोजगारलाई खटाइएको प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो।

रोजगारमा खटिनेलाई दैनिक ६२५ रुपियाँ प्रदान गरिने रोजगार सेवा केन्द्र प्रमुख शरणसिं गुरुङले जानकारी दिनुभयो। न्यूनतम रोजगारीका लागि सरकारले चालू आर्थिक वर्षमा बन्दीपुरलाई ११ लाख रुपियाँ विनियोजन गरेको छ। जसअनुसार पिप्ले-गुर्दुम नाला निर्माणमा खटिनेलाई चार लाख, गुर्दुम-बन्दीपुर नाला निर्माणमा खटिनेलाई चार लाख र तीनधारे-पुन्टे खोला नाला निर्माणमा खटिनेलाई तीन लाख पारिश्रमिक दिइनेछ।



# ४ स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम



तनहुँको बन्दीपुर गाउँपालिका अध्यक्ष पूर्णसिं थापा प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्दै। तस्बिर : कान्तिपुर

■ सम्झना रसाइली (तनहुँ)

सरकारले ल्याएको नागरिकलाई न्यूनतम रोजगारीको अवसर कार्यक्रम तनहुँका ४ स्थानीय तहमा सुरु भएको छ। जिल्लामा ४ नगर र ६ गाउँ छन्। एउटा नगरपालिका र ३ गाउँपालिकाले यो कार्यक्रम सुरु गरेका हुन्। अन्यले असार पहिलो साताबाट सुरु गर्ने तयारी गरेका छन्।

प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन जिल्लाका १० मध्ये ७ स्थानीय तहमा ४ हजार ७ सय ६३ जनाले निवेदन दर्ता गराएका छन्। ३ स्थानीय तहले भने बेरोजगारको निवेदन संकलन पूरा गरेका छैनन्। बन्दीपुर, आँबुखैरेनी, देवघाट गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु गरेका हुन्। तिनमा पहिलो चरणको न्यूनतम रोजगार कार्यक्रममा १ सय ३९ जनाले रोजगारी पाएका छन्।

बन्दीपुरमा ७ सय ५८ जनाले रोजगार कार्यक्रममा सहभागी हुन निवेदन दर्ता गराएकोमा पहिलो चरणमा ४१ जनालाई पूर्वाधार निर्माण कार्यक्रमअन्तर्गत सडकको नाला निर्माणमा खटाइएको प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक शरन गुरुङले बताए। वडा १, २ र ४ मा सडकको नाला निर्माण कामको जिम्मा दिइएको गाउँपालिका अध्यक्ष पूर्णसिं थापाले बताए। उनले भने दैनिक ६ सय २५ रुपैयाँ ज्याला पाउनेगरी एक महिनाको लागि काममा खटाइएको छ। कार्यक्रमका लागि प्राप्त ११ लाख रुपैयाँमध्ये नाला निर्माणका लागि वडा नम्बर १ र २ मा ४/४ लाख र वडा ४ मा ३ लाख रुपैयाँ विनियोजन गरिएको छ। आँबुखैरेनी गाउँपालिकामा १ हजार २ सय ७० जनाले निवेदन दिएकोमा पहिलो चरणमा १६ जनालाई काममा खटाइएको कार्यक्रम संयोजक कमला गिरीले बताइन्। गाउँपालिकालाई १२

**बन्दीपुर, आँबुखैरेनी, देवघाट गाउँपालिका र शुक्लागण्डकी नगरपालिकामा कार्यक्रम**

लाख रुपैयाँ बजेट आएको छ। निवेदकलाई सम्बन्धित वडाका सडकको मर्मत सुधार तथा सूचीकृतले रोजेका काममा प्राथमिकता दिइने उनले बताइन्। देवघाटमा ८ लाख रुपैयाँ बजेट विनियोजन भएको छ। यस कार्यक्रममा सहभागी हुन ५ सय ३३ जनाले निवेदन दिएकोमा ५ सय २५ छनोटमा परेको कार्यक्रम संयोजक ध्रुव आचार्यले बताए। छनोटमा परेकामध्ये ६१ जनालाई प्रदेश सरकारद्वारा थालनी गरिएको होमस्टे विकास र पूर्वाधार निर्माण कार्यक्रमलाई प्राथमिकता दिएर काममा खटाइएको गाउँपालिका अध्यक्ष दुर्गाबहादुर थापाले बताए। शुक्लागण्डकी नगरपालिकाका १२ वटै वडाका लागि १/१ वटा योजना तय गरिएको संयोजक प्रतिभा जिम्मीले बताइन्। कार्यक्रममा सहभागी हुन १ हजार १९२ जनाले निवेदन दिएकामा पहिलो चरणमा २१ जनालाई वडा २ र ४ मा सिंचाइ र सडकको पूर्वाधार निर्माणको काममा खटाइएको छ। नगरपालिकामा कार्यक्रमका लागि २९ लाख रुपैयाँ आएको छ। म्याग्दे गाउँपालिकामा १ सय ८ जनाले निवेदन दर्ता गराएका थिए। १ सय ६ जना कार्यक्रमका लागि छनोट भएका छन्। कार्यक्रमका लागि १३ लाख रुपैयाँ बजेट विनियोजन भएकाले आवश्यकता अनुसारका कार्यक्रम छनोट गरी सूचीकृत भएकाहरूलाई काम खटाइने तयारी भएको कार्यक्रम संयोजक पविन्द्र साहीले बताए। १३ लाख रुपैयाँ बजेट पाएको रिसिङ गाउँपालिकामा १ सय ७९ जनाले निवेदन दर्ता गराएका छन। व्यास नगरपालिकालाई ४४ लाख, भिमाद नगरपालिकामा २२ लाख, भानु नगरपालिकामा २८ लाख, घिरिङ गाउँपालिकामा १० लाख बजेट विनियोजन भएको छ। न्यूनतम रोजगार कार्यक्रममा कृषि, शिक्षा, भेटेरिनरी, निर्माण, सरसफाइ लगायतका क्षेत्र रोजी आवेदन माग गरिएकाले सोही अनुसार सूचीकृत भएका बेरोजगारहरूलाई काममा खटाइने स्थानीय तहले तयारी गरेका छन्।



वर्ष १३ अंक २८२, २०७६ जेठ २८ गते मंगलबार, नेपाल सम्बत ११३८ LOKWANI DAILY Tuesday 11, June, 2019 पृष्ठ संख्या ४ मुल्य रु. ५।-

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# लोकवाणी

राष्ट्रिय दैनिक

फेसबुकमा : www.facebook.com/lokwani.daily

## नेकपाको व्यास नगर कमिटीमा नेतृत्व अल्पमतमा

### बहुमत सदस्यको उपस्थिति हुँदा पनि शपथ गराइएन

लोकवाणी संवाददाता
दमौली, जेठ २७

नेपाल कम्युनिष्ट पार्टी व्यास नगर कमिटीको प्रथम बैठक आइतबार दमौलीमा सम्पन्न भयो। कमिटीका ज्येष्ठ सदस्य हरिभक्त पण्डितको अध्यक्षतामा भएको बैठकले पार्टी सङ्गठनको विषयमा केही छलफल गरेको थियो।

## बन्दीपुरमा प्रधानमन्त्री रोजगार कार्यक्रम आजदेखि

लोकवाणी संवाददाता
दमौली, जेठ २७

तनहुँको बन्दीपुर गाउँपालिकाले आजदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम शुभारम्भ गर्ने भएको छ। कार्यविधिमा आधारित भई कार्यक्रम शुभारम्भ गर्न लागिएको थापाले जानकारी दिए।

बन्दीपुर गाउँपालिकामा ६ सय १४ जनाले न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिएका छन्। रोजगार सेवा केन्द्र प्रमुख शरणसिं गुरुङका अनुसार वडा नं १ मा ४१, वडा नं २ मा ८२, वडा नं ३ मा १ सय ७२, वडा नं ४ मा ५३, वडा नं ५ मा ६९ र वडा नं ६ मा सय ९७ जनाले निवेदन दिएका छन्।

न्यूनतम रोजगारीको लागि सरकारले चालु आर्थिक वर्षमा बन्दीपुरलाई रु ११ लाख पठाइसकेको छ। नागरिकलाई न्यूनतम रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्यसहित शुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि जिल्लाका दश वटै स्थानीय तहमा बेरोजगारहरुले निवेदन दिएका छन्। जिल्लामा कृषि, सहकारी तथा

नागरिकलाई न्यूनतम रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्यसहित शुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् बन्दीपुरका बेरोजगारलाई रोजगारी दिन कार्यक्रम शुभारम्भ हुन लागेको हो।

उक्त कार्यक्रमको बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बन्दीपुर गाउँपालिका-२ मोहोरियामा शुभारम्भ गर्नेछन्। कार्यक्रम अनुसार पहिलो चरणमा पिप्ले-बन्दीपुर नाला निर्माणको काम शुरु गरिने गाउँपालिकाले जनाएको छ।

पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ पारित एवं लागु भइसकेको हुँदा सोही

(बाँकी पृष्ठ ३ मा)

## प्रशिक्षार्थीद्वारा पीडित परिवारलाई राहत प्रदान

## बसको ठक्करबाट मोटर साइकल चालकको मृत्यु

Study in Japan & Australia
IELTS & Japanese Language Class
TIME Academy

तनहुँ जिल्लामै पहिलो पटक
Mobile 0% ब्याजदर
Mobile घर

मासी चामलको भात ग्रीन पार्क हाइवे रेष्टुरेण्टमा
द ग्रीन पार्क हाइवे रेष्टुरेण्ट



शनिबारको कान्तिपुर ५
२१ असार, २०७६ (Saturday, July 6, 2019)

तनहुँको बन्दीपुर गाउँपालिका-१ स्थित नाहालामा सडक विस्तारको काममा खटिँदै प्रधानमन्त्री रोजगार कार्यक्रमका सहभागीहरू। ७ सय ४० जना बेरोजगार भएको स्वीकृत भए पनि ३५ जनाले पिप्ले-बन्दीपुर सडक मर्मत तथा निर्माणमा काम पाएका छन्। तस्बिर : सम्झना रसाइली/कान्तिपुर

धन्यबाद

२०७६/४/२